# गणित समाजले बाड्यो चार लाखको छात्रबृत्ति

नेपाल गणित समाजले नेपाली विश्वविद्यालयहरुमा गणित विषयमा विद्यावारिधि गरिरहेका विभिन्न १६ जना विद्यार्थीहरुलाई चार लाख रकमको NMS Fellowship Award प्रदान गरेको छ । यहि असार ३१ गते आईतवारका दिन गणित समाज द्वरा गणित गणित केन्द्रिय विभाग किर्तिपुरमा आयोजित एक कार्यक्रमका बिच त्रि. वि. का शिक्षाध्यक्ष प्रा. डा. सुधा त्रिपाठीले उक्त छात्रबृत्तिको रकम वितरण गर्नु भएको हो । नेपाल गणित समाजले यसै बर्षबाट प्रदान गर्न शुरु गरेको यो पुरस्कारको राशी जनही रु २५,००० नगद र प्रमाण पत्र रहेको छ । उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा मन्तब्य राख्दै डा. त्रिपाठीले यो पुरस्कार नेपालमा गणितको अनुसन्धानको लागि कोसे ढुङ्गा भएको भन्दै खुशी ब्यक्त गर्नु भयो । डा. त्रिपाठीले नेपाल गणित समाजले नेपालमा गणितको अध्ययन, अनुसन्धान तथा यसको विकासको क्षेत्रमा उल्लेखनिय योगदान पुर्‍याइरहेको भन्दै समाजका कार्यहरुको प्रसंसा गर्नु भयो । साथै उहांले पुरस्कृत अनुसन्धानकर्ताहरुलाई यो पुरस्कारले अध्ययन अनुसन्धानमा थप उर्जा मिल्ने विश्वास व्यक्त गर्दै उत्कृत अनुसन्धानको लागि शुभकामना ब्यक्त गर्नु भयो । नेपाल गणित समाजका सभापति प्रा. डा. टंकनाथ धमलाले नेपालमा गणित विषयमा अनुसन्धान गरि विद्यावारिधि गर्ने विद्यार्थीहरुको संख्या वढिरहेको भन्दै उनिहरुलाई हौसला प्रदान गर्न र थप विद्यार्थीहरुलाई अनुसन्धानमा आकर्षित गर्न यो पुरस्कार सहयोगी हुने विश्वास व्यक्त गर्नु भयो । पुरस्कारको रकम उपलब्ध गराएकोमा निक सिमोन फाउन्डेशनलाई धन्यवाद ज्ञापन गर्दै डा. धमलाले यसले नेपालमा गणित र यसको प्रयोग सम्बन्धि स्तरिय अनुसन्धानमा ठुलो योगदान पुर्‍याउने विश्वास ब्यक्त गर्नु भयो । समाजका सचिब प्रा. डा. कन्हैया झाले नेपाल गणित समाज, नेपालमा गणित तथा गणितको माध्यमबाट समग्र शिक्षाको विकासमा विगत ४० बर्षदेखि निरन्तर कृयाशिल रहेको जानकारी दिदै नेपालमा गणितको महत्व नीति निर्माताहरुलाई बुझाउ नसकेकोमा दुःख ब्यक्त गर्नु भयो । सोही कार्यक्रममा निक सिमोन फाउन्डेशनका नेपाल प्रतिनिधि डा. अनिल श्रेष्ठले फाउन्डेशनका संस्थापक गणितज्ञ जेम्स ह्यरी सिमोन लाई नेपाली गणितज्ञ हरु संग औपचारिक परिचय गराउन पाउँदा खुशि लागेको बताउनु भयो । पुरस्कृतहरुका तर्फबाट आफ्नो भनाई राख्दै पवनकुमार झा, ईश्वरमणि अधिकनरी, पुस्करराज पोखरेलले नेपाल गणित समाजले शुरु गरेको यो पुरस्कारले आफु लगायत पुरस्कार प्राप्त गर्नेहरुलाई अनुसन्धानको लागि हौशला मिलेको भन्दै नेपाल गणित समाज तथा निक सिमोन फाउन्डेशन प्रति पुरस्कृतहरुका तर्फबाट कृतज्ञता ज्ञापन गर्नु भयो । कार्यक्रममा त्रि. वि विज्ञान संकायका डिन प्रा. डा. राम प्रसाद खतिवडा, गणित केन्द्रिय विभागका प्रमुख प्रा. डा. केदारनाथ उप्रेती, प्रा. डा. राममान श्रेष्ठ लगायतले पुरस्कृत अनुसन्धानकर्ताहरुलाई बधाई तथा शुभकामना दिनुभएको थियो । यो पुरस्कार प्राप्त गर्नुहुनेमा Bishnu Hari Subedi, Buddhi Prasad Sapkota, Ganga Ram Phaijoo, Hari Nandan Nath, Iswar Mani Adhikari, Jeevan Kafle, Khim Bahadur Khattri, Phanindra Prasad Bhandari, Parameshwari Kattel, Puskar Raj Pokhrel, Ram Chandra Dhungana, Sushil Ghimire, Kumar Subedi, Pavan Kumar Jha, Shesraj Kumar Sharma, Shyam Sundar Sah हुनु हुन्छ ।

निक सिमोन फाउन्डेशनले यस बर्ष नेपाल गणित समाजलाई ५,००० $ रकम उपहार स्वरुप प्रदान गरेको र सोहि रकम बाट यो छात्रबृत्ति वितरण गरिएको साथै यसै बर्षमा स्नातकोत्तर तहमा उत्कृत हुने छात्रा, छात्रलाई समेत यो पुरस्कार वितरण गरिने योजना रहेको साथै आगामि बर्ष देखि यहि प्रयोजनका लागि फाउन्डेशनले प्रतेक बर्ष २५०० $ नेपाल गणित

समाजलाई उपलब्ध गराउने प्रतिबद्धता जनाएको जानकारी नेपाल गणित समाजका उपासभापति प्रा. डा. नारायणप्रसाद पहारीले दिनु भयो ।

निक सिमोन फाउनडेशनका संस्थापक जेम्स ह्यरी सिमोन एक गणितज्ञ हुन । विश्वका अर्बपतिहरुको सुचिमा समेत सुचिकृत उनले आफ्ना दिवंगत छोरा निक सिमोनको नाममा नेपालको स्वास्थ्य क्षेत्रमा ठूलो रकम सहयोग गर्दे आएका छन् । सिमोन फाउनडेशनको नाममा उनले विश्वमा गणित र विज्ञानको क्षेत्रमा उल्लेखनिय अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरुलाई प्रतेक बर्ष ठूलो रकम सहयोग गर्दै आएका छन् । जेम्स ह्यरी सिमोन संग नेपाल गणित समाजले गत चैत्रमा उनि नेपाल आएको समयमा एक अर्न्तक्रियात्मक कार्यक्रमको आयोजना गरेको थियो । सोही कार्यक्रममा उनले नेपालमा गणितको अध्ययन अनुसन्धानको क्षेत्रमा नेपाल गणित समाजसंग मिलेर सहयोग गर्ने आफ्नो इच्छा ब्यक्त गरेका थिए ।

## Moments of the Program





